**“शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पूर्वाधार
प्रकृति र मगर संस्कृती निस्दीको आधार”**

**श्रद्धेय अध्यक्ष ज्यु, सम्पूर्ण जनप्रतिनिधज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, तथा सम्पूर्ण कर्मचारी ज्यूहरु,** लगायत सर्म्पुण उपस्थीत महानुभावहरुलाई  निस्दी गाउँपालिकाको गाउँ सभामा आ.व २०७६।०७७ को लागि बजेट निति तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको उपाध्यक्षको तर्फ वाट हार्दिक स्वागत गर्न चाहान्छु। निस्दी गाउँपालिकाको आगामि आ.व.को नीति तथा कार्यकम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म आफुलाई असाध्यै भाग्यमानी ठानेकी छु।

**श्रद्धेय अध्यक्ष एवमं सदस्य ज्युहरु,**

१. सत्तरी दशक लामो नेपाली जनताको संविधान आफैले लेख्ने सपना बमोजिम नेपालको संविधान जारी भएको अवस्था हामिसबैलाई सर्वविदितै छ। यो सपनामा धेरै सहिदहरुको बलिदान आम नेपाली जनताको त्याग विभिन्न राजनैतिक जन आन्दोलन तथा सशस्त्र संघर्षका पिडादायी पक्ष इतिहासका पानामा रहेका छन्। नेपालीहरुको सपना बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संरचनामा हाल तिन तहको सरकारको उपस्थितिले जनतामा विकास निर्माण तथा दैनिक सेवा प्रवाहमा छिटो छरितो तथा प्रभावकारी सेवामा जोड दिंदै आएको छ। संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले संविधानले तोके बमोजिम आआफ्नो क्षेत्रबाट सेवा प्रवाह विकास निर्माण आपसी सम्बन्ध सुमधुर गर्दै सबै नेपाली जनतामा सरकारको अनुभुति दिलाउन सफल भएको अवस्था विद्यमान छ। यी परिवर्तन गर्न धेरै नेपालीको योगदान तथा संघर्षको स्थितिमा देश विकासको अवस्था अत्यन्त दयनीय भई देश विकासको हिसाले धेरै वर्ष पछाडि धकेलिएको अवस्था छ । अवस्था यस्तो हुँदा हुँदै पनि नेपाली जनताको सुखि र खुसी तथा समृद्ध देशको नागरिक हौं भन्ने भावनाको विकास गर्न अहिलेको अवस्थाबाट हामी सबै राजनीतिक दल, जनता, संचार क्षेत्र कर्मचारी सबैको साथ सहयोग र एकताले नै समृद्धि हासिल गर्ने बाटोमा अगाडि बढ्नु छ। अहिलेको अवस्थामा सबैले जनतानै केन्द्र विन्दुमा राखेर विकास निर्माणको काममा हालेमालो गर्नु छ। यसको विपरित गएर इतिहास विर्सेर नेपाली जनताको त्याग, सहिदको बलिदानी विर्सेर कोही कतै पनि व्यक्तिगत हित, राजनैतीक लाभ तर्फ केन्द्रित हुन पुग्यो भने त्यसले समग्र देशलाई नै अहित हुने र राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिकता मा खलल पुग्ने निश्चित छ।

निस्दी गाउँपालिकाको सन्दर्भमा पनि हामी सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, समाजसेवी लगायतको एकताले नै निस्दी गाउँपालिकालाई अहिलेको अवस्थाबाट समृद्ध गाउँपालिका बनाउन तथा यहाँको जनताको तिब्र आर्थिक विकास गर्नमा सहयोग पुग्नेछ।

विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक ब्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन्।

त्यसैगरी, थुप्रै चुनौती हुंदाहुंदै पनि हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन्। प्राकृतिक श्रोत र साधनले भरीपुर्ण, दालचिनी, अम्लिसो, अदुवा, अलैाची, उंखु, दलहन आदीको उत्पादन, चुनढुंगाको खानी, मगर कला र संस्कृती, अन्तराष्ट्रिय पुरस्कार जित्न सफले कवुलियती वन तथा अन्य वन, श्रममा रमाउने परिश्रमी र श्रमजिवी जनता, सडक संजाल विस्तार गरी प्रदेश नं ४ र ५ जोड्ने छोटो वाटो, जलविद्युतको संभावना भएको निस्दी र आरुङखोला, समग्र विकास निर्माणको लागि निस्दी गाउंपालिकावाट पारित भएका ऐन कानुन र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिने चुस्त कर्मचारी संयन्त्र र अभिभावको भूमिका निर्वाह गर्ने निर्वाचित जनप्रतिनिधीहरु हाम्रो विकासको संभावना हुन। यिनै सम्पूर्ण संभावनालाई आत्मसात गर्दै निस्दी गाउंपालिकाको विकास निर्माणमा सवैको साथ र सहयोग अपरिहार्य रहेकोछ।

२. स्थानीय तहहरुको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधान २०७२ ले स्थानिय सरकारको परिकल्पना गरे अनुसार २०७४ आषाढ १४ गते स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जनताको जनमतले हामी निर्वाचित भई यस निस्दी गाउँपालिकाको नेतृत्व समालेका छौं । करिव २ वर्षको यस कार्यकाल सम्म आइपुग्दा हामिलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्ने  राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगका लागि म सवै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधीलाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारको **"सम्वृद्ध नेपाल, सुखी नेपाली"** भन्ने नारालाई आत्मसात गर्दै निस्दीगाउंपालिका भित्रका नागरिकहरुलाई सम्वृद्ध र सुखी वनाउन हामी जननिर्वाचित सम्पूर्ण प्रतिनिधीहरु फुटेर होइन जुटेर, वहुमतिय हैन सहमतिय अभ्यासवाट विकास निर्माणमा एकजुट भई अगाडि बढ्ने प्रण गरौं ।
हाल सम्म आइपुग्दा निस्दी गाउँपालिकाले गाउंपालिका संचालनको लागि ३१ वटा कानुन निर्माण गरिसकेको छ भने १ वटा ऐन छलफलको क्रममा रहेको छ ।

चालु आ.व.मा नीति तथा कार्यक्रममा तोकिए बमोजिम एक वडा एक उत्पादन कार्यक्रम सम्पन्न गरिएको छ । पशुपालन लाई व्यवस्थित गर्न भकारो तथा खोर सुधार कार्यक्रम सम्पन्न गरिएको छ । जनताहरुलाई उन्नत जातको बोका वितरण, व्यवशायिक बाख्रा पालन, तरकारी खेती गर्ने किसानहरुलाई अनुदान उपलब्ध गराइएको छ ।

सहकारीको क्षमता बृद्धि तालिम संचालन गरिएको छ । घरेलु तथा साना उद्योगहरुलाई प्रवर्द्धन गर्न घरबुना खादा तालिम सम्पन्न गरिसकिएको छ ।
पयर्टकलाई आकर्षित गर्न काउले बनमा विस्तृत योजना निर्माणाधिन अवस्थामा रहेको छ ।

शिक्षा तर्फ नमुना विद्यालय छनौट, ८ वटा बाल विकास शिक्षा कक्षा थप, प्र.अ. तथा वि.व्य.स अध्यक्षको सकारात्मक सोंच तालिम, शिक्षकहरुको पुर्नताजगीय तालिम, प्र.अ. भ्रमण लगायत विद्यालय अनुगमन जस्ता कार्य सम्पन्न गरिसकिएको छ ।

स्वास्थ्य जनसंख्या तर्फ नीति तथा कार्यक्रम अनुरुपनै अति विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम सम्पन्न गरिएको छ, जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम सम्पन्न गरिएको छ, हरियो झण्डा तथा अण्डा कार्यक्रम लागू रहेको अवस्था छ, सहलकोटमा बर्थिङ सेन्टर संचालन, बाह्य खोप केन्द निर्माण तथा सेवा प्रवाह, संस्थागत सुत्केरी विमा कार्यक्रम, सामुदायिक स्वास्थ्य इकाई संचालन गरिएको छ ।

लक्षित समूहको क्षमता विकासका लागि लक्षित समूह तर्फको बजेट खर्च उनीहरुकै मागमा आधारित कार्यक्रम मार्फत गरिसकिएको छ ।

खानेपानी तर्फ जुरे लिफ्टिङ, बेभोके, मदनपुर, मौलाथर मा योजना सम्पन्न भईसकेको अवस्था छ भने नामसुर्घामा योजना सम्पन्न हुने चरणमा रहेकोछ ।

वातावरण तथा विपद व्यवस्थापन तर्फ अरुणखोलामा तारजाली लगाउने, सिन्दुरेको पहिरो नियन्त्रण गर्न तार जाली लगाउने अरुणखोलाले कटान गरेको क्षेत्रमा बृक्षरोपण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

पुर्वाधार विकास तर्फ केमखाम्चा मार्गलाई बाह्रै महिना सवारी चल्न सक्ने गरी स्तरोन्नती गरिएकोछ । बेल डाँडा मित्याल अरुणखोला मोटरबाटोको ट्रयाक खोली सवारी चलाइसकिएको छ । सिलुवा अर्चले मो.वा. लाई प्रदेश सरकार मार्फत स्तरोन्नतीको कार्य अगाडि बढाइएको छ । बेलडाँडा मित्याल मो.वा. स्तरोन्नती तथा पाकरी खोलामा पुल निर्माण कार्य अन्तिम चरणमा रहेको छ । ठूला हेभि मेशिन उपकरणको व्यवस्थित प्रयोगको लागि गाउँपालिकामा दर्ता गराइएको छ । वडाभित्र मागमा आधारित नयाँ ट्रयाक निर्माण तथा पुराना सडकको स्तरोन्नती गर्ने कार्य सम्पन्न गरिएको छ ।

विद्युत तर्फ तत्काल प्रसारण लाईन विस्तर भएको क्षेत्रमा राष्ट्रिय प्रसारणको लाईन जोडेर बत्ति बाल्नको लागि गाउँपालिकाले रु १४ लाख विनियोजन गरी ढुंगाना बेशि सम्म ट्रान्सफर्मर जार्च गर्ने स्थित सिर्जना गरिएको छ । साथै २५ किलोवाट क्षमताको बायु उर्जाको काम अन्तिम चरणमा पुर्याएको छ, टुकिरहित गाउँपालिका कार्यक्रम सम्पन्न गरिएको छ ।

संचार तर्फ दुर संचार प्राधिकरण संगको साथ सहयोगमा झ्यालटुङमा नेपाल टेलिकमको टावर निर्माण सम्पन्न भएको छ । प्रत्येक वडामा इन्टरनेटको पहुँच स्थापित गरिएको छ ।

संस्थागत विकास तथा सेवा प्रवाह अन्तर्गत निस्दी गाउँपालिकाको दुईवटा सार्वजनिक सुनुवाई सम्पन्न गरिसकिएको छ भने एक पटक सबै वडामा सार्वजनिक सुनुवाई सम्पन्न गरिएको छ । प्रत्येक वडामा उपभोक्ता तालिम संचालन गरिएको छ भने गाउँपालिकामा डिजिटल नागरिक बडापत्रको व्यवस्था गरिएको छ । साथै निस्दी गाउँपालिकाले गरेका विकास निर्माणका कामहरुको जानकारी जनता सम्म पुऱ्याउने उद्देश्यले चालु आ.व. को नीति तथा कार्यक्रम मा व्यवस्था गरिएको निस्दी विकास सन्देश कार्यक्रम सामुदायिक रेडियो रामपुर र सामुदायिक रेडियो दर्पणबाट निरन्तर संचालन गरिएको छ ।

**गाउँपालिकाको दीर्घकालिन सोच**

आय बृद्धि, गुण्स्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिम न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्मा अतिकम विकसित गाउँपालिकाबाट विकासशिल गाउपालिकामा स्तरोन्नती गर्ने ।

.

**योजना तर्जुमाका आधारहरु**

- नेपालको संविधान,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नेपाल सरकार आ.व ०७६ ।७७ को नीति तथा कार्यक्रम
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ र प्रदेशको आवधिक योजना ।
- स्थानीय स्रोत साधन
- संघ, प्रदेश र स्थानीय तहले जारी गरेका नीति, कानून तथा मापदण्डहरु

**आगामि आ.व. २०७६/०७७ को लागि तय भएका प्राथमिकताका क्षेत्रहरुः-**

- मानविय विकास नै भौतिक विकासको आधार भएको हुनाले शिक्षा क्षेत्र
- आत्म निर्भर हुने गरी कृषि तथा पशु उत्पादनमुखि, व्यवशायमुखि तथा स्वरोजगारमुखि कार्यक्रमहरु
- मगर भाषा, साहित्य,कला संस्कृतिको संरक्षण र प्रवर्द्धन
- गरिवी निवारण, पूर्ण सरसफाई तथा लैगिंक तथा समावेशी विकासका लागि सामाजिक परिचालन कार्यक्रम
- स्थानीय स्रोत साधन र सीपको प्रयोग,
- महिला बालबालिका तथा पिछडिएको क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने कार्यक्रम,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने कार्यक्रम,

**६ श्रद्धेय अध्यक्ष एवंम सदस्य ज्युहरु,**

आ.ब. २०७६/०७७ का लागि निस्दी गाउँपालिकाको समग्र विकास नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## १. आर्थिक विकास

### क) कृषि तथा पशु विकास नीति

- आ.व. २०७५।०७६ मा लागू गरिएको **"एक वडा एक उत्पादनको कार्यक्रम"** लाई निरन्तरता दिंदै आवशयकताको आधारमा नयाँ थप तथा परिमार्जन गरी लागू गरिने छ ।
- उत्पादित कृषि तथा पशुजन्य वस्तुहरुको बजारीकरण तथा मूल्य समायोजनमा एकरुपता ल्याउन जोड दिइनेछ ।
- अदुवा प्रशोधन केन्द्र स्थापना गर्न विषेश पहल गरिनेछ ।
- रसायनिक मल तथा विषादी प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै यस गा.पा. लाई अर्गानिक खेतीलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- नवलपुर, रामपुर तथा रुपन्देहीका व्यापारीहरुसंगको आन्तरिक समझदारीमा स्थानीय उत्पादित कृषिजन्य वस्तुहरुको सामान साटासाटको पैंचो पसल संचालन गर्न पहल गरिनेछ ।
- पशु तथा कृषि विमाकोलागि कृषकलाई जनचेतना कार्यक्रम संचालन गरिनेछ ।
- माटोको नमुना लिने र सोही माटो सुहाउँदो खेती गर्न कृषकलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- एक वार्ड एक माछा पोखरी कार्यक्रम संचालन गरिनेछ ।
- "एक घर ५ फलफुलका वोट" अभियान संचालन गर्नको लागि फलफुलका विरुवामा अनुदानको व्यवस्था गरिनेछ ।
- टनेल तरकारी खेतीलाई प्रोत्साहन गर्दै कृषकलाई टनेल निर्माणमा अनुदान दिइनेछ ।
- पशुपालन सहित घाँस खेती गर्नलाई कृषकलाई प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक रुपमा स्थानीय जातका कुखुरा तथा बाख्रा पालन गर्ने कृषकहरुलाई पेशामा आकर्षण गर्नको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- पशु पालनलाई व्यवस्थित गर्नको लागि भकारो सुधार, खोर सुधार तथा नश्ल सुधार कार्यक्रम प्रत्येक वडामा क्रमश लागु गरिनेछ ।
- निस्दी गाउँपालिका मासु, अण्डा र दुधमा आत्म निर्भर गाउंपालिका बनाउन मुख्य ध्यान केन्द्रित गर्दै निर्यात गर्न सक्ने बनाउन कृषकलाई प्रोत्साहन गरिनेछ ।
- मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमलाई व्यवस्थित, नियमित तथा निरन्तरता दिन पहल गरिनेछ ।
- एक वार्ड एक गरिवी निवारण कार्यक्रम लागू गरिनेछ ।
- कृषक तालिम, अन्तरक्रिया, भ्रमण, गोष्ठीहरु संचालन गरिनेछ ।

### ख) घरेलु तथा साना उद्योग तर्फको नीति :

- लोप हुन लागेका स्थानीय सिपहरुको खोजीगरी संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकासका तालिमहरु संचालन गरिने छ ।
- नयां नयां व्यवसायका क्षेत्रहरुको पहिचानको लागि उद्यमशिलता सम्वन्धि तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- जिल्ला घरेलु कार्यलयसंग सम्पर्क गरी घरेलु उद्योग सम्बन्धी कार्यक्रम समन्वय, साझेदारी तथा सहकार्यमा अगाडि बढाइनेछ ।
- पुराना स्थानीय सीपहरुलाई निरन्तरता दिंदै बजारी खादाको रुपमा घरबुना पछ्यौरा उत्पादनमा जोड दिइनेछ ।
- परम्परागत आरनघरलाई सुधार गर्दै व्यवशायिक आरनघर निर्माणमा जोड दिइनेछ ।

**ग) पर्यटन नीति :**

- पर्यटन गुरुयोजना बनाउँदै धार्मिक तथा पर्यटकीय स्थलहरु क्रमश: निर्माण गर्दै लगिनेछ ।
- पर्यटकिय क्षेत्रको रुपमा वडा नं. १ को छपाक्दी होमस्टे, वडा नं. २ मा जुरेगुफा, वडा नं. ३ मा काउले डाँडा, वडा नं. ४ मा बायु उर्जा, वडा नं. ५ मा नामसुर्घा डाँडा तथा वहपुर सुन्तलाक्षेत्र, वडा नं. ६ मा लेखडाँडा र वडा नं. ७ मा चुनढुङ्गा खानी जस्ता ठाउँहरुलाई रमणीय, मनमोहक र अझ सुन्दर बनाउन विषेश ध्यान दिइनेछ ।
- कुंडुले घर आँखाको नानी, मगर कला र संस्कृतिको धनी भनेझैं पुरानो भेषभुषा, नाच, स्थानीय उत्पादनको खाना, ढिकी, झाँतो तथा कुंडुले घरहरुको संरक्षण र निर्माण कार्यमा आर्थिक सहयोग दिइनेछ ।
- मगर संस्कृतिको जगेर्ना गर्न ठूलोनाच, घाटु नाच, कौरा नाच, झ्याउरे नाचको हरेक वर्ष पालिका स्तरीय प्रदर्शन प्रतियोगिता मार्फत पर्यटनमा जोड दिइनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारको समन्वयमा शहिदपार्क स्थापना गर्न पहल गरिनेछ ।

**घ) सहकारी तथा गरिवी निवारण :**

- गाउँपालिका स्तरीय  सहकारी समन्वय समितिद्वारा सहकारी संस्थालाई अझ व्यवहारिक, सरलीकरण तथा प्रभावकारि बनाउँदै संचालन गरिनेछ ।
- सहकारी संस्था संचालनमा आइपर्ने समस्याहरु व्यवस्थापन तथा लेखा सम्बन्धी तालिम लाई निरन्तरता दिइनेछ ।
- उत्कृष्ठ सहकारीलाई प्रोत्साहनको लागि पुरस्कारको व्यवस्था गरिनेछ ।
- विपन्न वर्गहरुको पहिचान गरी सहकारी मार्फत विना धितोको ऋण दिने व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारीहरुको असल अभ्यास आदानप्रदानको लागि अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- सहकारीको माध्यमबाट सीप हस्तान्तरण नीति अवलम्बन गरी विभिन्न क्षमता विकास, सिप विकास तथा आय आर्जन सम्बन्धी तालिम दिइनेछ ।
- गाउँपालिका भित्रका सहकारीलाई प्रोत्साहन गरिनेछ ।
- अध्यक्ष रोजगार कार्यक्रम लागू गरिनेछ ।

**ङ) वित्तीय क्षेत्र**

- सनराइज बैंकको शाखा निस्दी ५ ढुंगानाबेशीमा रहेकोमा गाउँपालिकाको सहजताको लागि गाउँपालिका केन्द्र मित्यालमा काउन्टर स्थापना गर्न पहल गरिनेछ ।

**२. सामाजिक विकास नीति**

**क) शिक्षा**

- नेपाल सरकारको नीति अनुसार एक पालिका एक प्राविधिक शिक्षा स्थापना गर्न सम्बन्धित निकायसंग माग गरिनेछ,
- गाउँपालिका शिक्षा ऐन तयार गरी आवश्यकताको आधारमा विद्यालय मर्ज तथा दरवन्दी मिलान गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्र.अ. को प्रशासनिक क्षमता विकास तालिम साथै विषयगत शिक्षकको क्षमता विकास तथा नविनतम शिक्षण विधि तालिम संचालन गरिनेछ ।
- संचालनमा रहेका बालविकास केन्द्रलाई निरन्तरता दिँदै आवश्यकताका आधारमा नयाँ थप गरिनेछ ।
- आवश्यकता र औचित्यताको आधारमा पूर्व वाल विकास केन्द्रहरु संचालनमा ल्याइनेछ र भइरहेका केन्द्रहरुलाई निरन्तरता दिइनेछ ।

- पालिका भित्रका विद्यालयहरुमा कक्षा १ देखि ३ सम्म भुइँ बसाई अध्यापन अनिवार्य गरिनेछ र त्यसका लागि अवश्यक बजेट विनियोजन गरिनेछ ।
- भाषा शिक्षकहरुलाई भाष सम्बन्धि तालिमको व्यवस्था गरिनेछ ।
- कक्षा ३ सम्मका विद्यार्थीहरुलाई क्रमशः मातृ भाषा, नेपाली, अंग्रेजी भाषमा पोख्त बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा खेलकुद, मनोरञ्जन तथा सृजनात्मक क्रियाकलाप संचालन गरी अतिरिक्त क्रियाकलापहरुमा समेत विद्यार्थीको क्षमता विकास गरिनेछ ।
- शिक्षाविद्, बुद्धिजिवि, समाजसेवी विभिन्न संघ संस्थाहरुसंगको समेत सल्लाह, सुझाव लिएर मात्र व्यवहारिक प्राविधिक सुलभ समयानुकुल सिकाई उपलब्धि थप गर्दै लाने नीति लिइनेछ ।
- कक्षा १ देखि १२ सम्म समग्रमा उत्कृष्ट परिणाम ल्याउने विद्यालय, शिक्षक शिक्षिका तथा विद्यार्थिहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, अभिभावकलाई नियमित रुपमा विद्यार्थी गतिविधि, विद्यालय संचालन तथा विद्यालयको क्षमता विकासको बारेमा छलफल हुने व्यवस्था मिलाईनेछ ।
- कक्षा ५ सम्मको विद्यार्थिलाई टिफिनवक्सको व्यवस्था गरिनेछ ।
- आ.वि. तथा मा.वि. हरुमा कम्प्युटर शिक्षा लागू गर्दै इन्टरनेटको सुविधा क्रमशः विस्तार गरिनेछ ।
- कक्षा ३, ५ र ८ मा अन्तर विद्यालय परिक्षा संचालन तथा उत्तर पुस्तीका परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षक दरवन्दिको मापदण्ड तोकी, मापदण्ड भन्दा कम शिक्षक दरबन्दी भएका विद्यालयमा शिक्षक तलब भत्ताको लागि निश्चित रकम उपलब्ध गराइनेछ ।
- गाउँपालिकाभित्रका कुनै पनि विद्यालयमा कुनै बहानामा विद्यार्थीबाट शुल्क उठाउन बन्देज गरिनेछ ।
- एक वार्ड एक प्राविधिक उत्पादन गर्न ७५ प्रतिशत शुल्कको छात्रबृत्ति उपलब्ध गराइनेछ ।
- नमुना विद्यालय छनौट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**ख) स्वास्थ्य**

- स्वस्थ रहनु सबैभन्दा ठूलो, सबैघरमा आधुनिक चुलो अभियान शुरु गरिनेछ ।
- सबै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर संचालन तथा वडा नं. ४ मा ल्याब सेवा संचालन गरिनेछ ।
- किशोर किशोरीहरुको लागि प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- हरियो झण्डा- अण्डा कार्यक्रम, सुत्केरी स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जंगली च्याउ खानेबानी निरुत्साहित गर्न व्यापकरुपमा प्रचार प्रसार गरिनेछ ।
- स्वास्थ्य र सरसफाई कार्यक्रमलाई प्रोत्साहन गर्न विद्यालय तथा वस्तीहरुको सरसफाई अभियान लागू गरिनेछ
- मादक पदार्थ सेवन घटाउ, बजारी पेय पर्दा हटाउ अभियान सुरुवात गरिनेछ ।
- सार्वजनिक स्थानमा सूर्तिजन्य पदार्थ सेवनलाई कडाईका साथ निरुत्साहित गरिनेछ ।
- सम्पूर्ण आ.वि. तथा मा.वि हरुमा सेनेटरी प्याड वितरण कार्यक्रम गरिनेछ ।
- आकस्मिक स्वास्थ्य उपचारको लागि गा.पा मार्फत एम्बुलेन्स सेवा संचालन गरिनेछ ।
- आयुर्वेदिक सेवाको चेतनामूलक कार्यक्रम गरी शिविर संचालन गरिनेछ ।
- नेपाल सरकारको नीति अनुसार महिला स्वयंसेविकाहरुलाई थप प्रोत्साहन गरिनेछ ।
- घरदैलो जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारसंग १५ शैयाको हस्पिटल स्थापना गर्नकोलागि प्रदेश सरकार मार्फत पहल गरिनेछ ।
- विभिन्न सर्ने, नसर्ने रोगहरु, एच.आई.भि. एड्स नियन्त्रण, आखा शिविर, महिलाहरुको आंङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर परिक्षणलाई  प्राथमिकताका साथ अगाडी वढाइनेछ ।

- स्वास्थ्य संस्थाहरुमा निशुल्क उपलब्ध गराउने औषधिहरुको पर्याप्त मात्रामा व्यवस्था गरिनेछ ।
- संचालनमा भएको गाउँघर क्लिनिकलाई व्यवस्थापन गरिनेछ ।

**ग) खानेपानी तथा सरसफाईतर्फ :**

- प्रत्येक टोलमा खानेपानी धारा निर्माण अभियान संचालन गरि एक घर एक धारा अभियान समेत संचालन गरिनेछ ।
- खानेपानी को साथ साथै सरसफाई तथा पूर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी आयोजनालाई दिगो र टिकाउ बनाउनको लागि समूदायलाई योजना हस्तान्तरण गरि समूदायबाट नै र्ममत संभारको व्यवस्था मिलाइनेछ ।
- खानेपानी नपुगेका टोल र वस्तीरुमा लिफ्टिङ तथा ग्राभिटि मार्फत खानेपानीको व्यवस्था गरिनेछ ।
- सरसफाई सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडामा टोल विकास समिति गठन गरी आवश्यक ठाउँमा फोहोर विसर्जन स्थल तोकिनेछ ।
- ठूला खानेपानीका आयोजना निर्माण र सम्पन्न गर्नका लाीग संघ वा प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

**घ) संस्कृति प्रवर्द्धन**

- यहाँको भाषा कला परम्परालाई जीवन्त बनाउन “भाषको संस्कृतिको संरक्षण गरौं, बालबालिकालाई मगर भाष सिकाऔं” अभियान संचालन गरिनेछ ।
- यहाँका परम्परागत कुंडुले घर जोगाई राख्नको निम्ति कुंडुले घर निर्माणमा अनुदान दिइनेछ ।
- कौरा नाच, घाटु नाच लगायतका अन्य नाच तथा गीतहरुको वार्षिक रुपमा प्रतियोगिता संचालन गरीनेछ ।
- धार्मिक तथा सांस्कृतिक सम्पदालाई व्यवस्थित गर्दै विभिन्न मठ, मन्दिर, गुम्बा, विहार स्थापनामा जोड दिइनेछ ।

**ङ) खेलकुद तथा मनोरञ्जन**

- युवाहरुको खेलकुदको रुचिलाई ध्यानमा राखी भलिबल जस्ता खेलहरुको अतिरिक्त जुडो, करांते, तेक्वान्दो, एथ्लेटिक्स, बक्सिङ जस्ता खेलहरु समेत संचालन गरिनेछ ।
- एक वार्ड एक खेल मैदानको कामलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकास्तरको खेलमैदानको स्तर अभ्र विस्तार गर्न केन्द्र सरकारसंग पहल गरिनेछ ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- वडास्तरीय छनौटखेल संचालन गरी  अध्यक्षकप प्रतियोगिता निरन्तरता दिइनेछ ।
- गाउँपालिकाभित्र भलिबल खेल रेफ्रि उत्पादन गर्न तालिम दिने व्यवस्था मिलाइनेछ ।

**च) लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

**अ. महिला तथा बालबालिका सम्वन्धि**

- गाउँपालिका स्तरीय महिला समन्वय समिति मार्फत विभिन्न सीपमूलक तालिम, क्षमता विकास, आय आर्जनको तरिका बृद्धिमा जोड दिने तथा निरन्तरता दिइनेछ ।
- महिला हिंसा अन्त्यको लागि वडागत तथा पालिका स्तरीय कानुनी सचेतना कार्यक्रम संचाल गरिनेछ ।
- महिलालाई अवसरहरुमा पुरुष सरह प्राथमिकता दिइनेछ ।
- एकल महिलाहरुको मागमा आधारित आत्म निर्भर कार्यक्रम लागू गर्दै गइनेछ ।

- बालमैत्री स्थानीय शासनलाई अवलम्बन गर्दै बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।
- बालविवाह, बहुविवाह मुक्त पालिका बनाउन चेतनामूलक कानून सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- गरिब तथा जेहेन्दार बालबालिकाहरुलाई छात्रबृत्तिको व्यवस्था मिलाइनेछ ।
- बालबालिका तथा महिलाहरुको विभिनन दिवस समारोह तथा अभियानहरुको कार्यक्रमलाई उल्लासका साथ मनाउने व्यवस्था मिलाइनेछ ।

**आ. दलितः**

- परम्परागत हातहतियार तथा औजारहरुको उत्पादनलाई निरन्तरता दिन पुर्नताजगीय तालिम दिने व्यवस्था मिलाइनेछ ।
- परम्परागत पेशलाई समायानुकुल बनाउन परिवर्तन गर्दै पेशागत सुधारको लागि विभिनन प्राविधिहरु उपलब्ध गराई स्वरोजगार हुने व्यवस्था मिलाइनेछ ।
- दलित समुदायको उत्थानको लागि उनिहरुको मागमा आधारिक आय आर्जनका सिपहरुको तालिमको व्यवस्था गरिनेछ

**इ. फरक क्षमता(अपांगता) तर्फ**

- अपांगहरुको प्रकृति अनुसार नगद वितरणभन्दा सीपमूलक, क्षमतामूलक कार्यक्रम लागू गरिनेछ ।
- प्रकृतिअनुसारको अपांग परिचयपत्र वितरण गरिनेछ । आर्थिक कमजोर भएका अपांग विद्यार्थिलाई शैक्षिक सामाग्री वितरण गरिनेछ ।
- अपांगहरुको मागमा आधारित अन्य कामहरु गरिनेछ ।

**ई. लक्षित(आदिवासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक) वर्ग**

- लक्षित वर्गहरुको सिप,क्षमता विकास तथा आय आर्जनको लागि विभिन्न सिप, क्षमता तथा आयमुलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- लक्षित वर्ग अन्तर्गतका वर्गहरुको परंम्पारगत पेशालाई समयानुकुल परिवर्तन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलब्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- विद्यालयमा अध्ययन गर्ने जेहेन्दार लक्षित वर्ग अन्तर्गतका वालवालिकाहरुलाई अध्ययन कार्यमा सहयोग पु-याउनको लागि आवश्यकता अनुसार अध्ययन सहयोग सामाग्रीहरु वितरण गरिनेछ । त्यसैगरी उच्च शिक्षामा अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरुलाई गाउंपालिकाको तर्फवाट अध्ययन कार्यमा निरन्तरताको लागि थप प्रोत्साहन स्वरुप सहयोगको नीति लिइनेछ ।
- उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी लोकसेवा तर्फ प्रेरित गर्न लोकसेवा आयोगको तैयारी कक्षाहरु संचालन गरिनेछ ।
- गाउंपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्नको लागि निर्देशिका तथा कार्यविधी तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**उ. युवा वर्ग :**

- युवाहरुलाई व्यवशाय संचालनको लागि कर्जा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- विदेश पलायनको क्रमलाई रोक्न उत्पादनमूखि व्यवसायमूखि तथा रोजगारमुखि कार्यक्रमहरु संचालन गरिनेछ ।
- मादक पदार्थ धुम्रपान, मध्यपान तथा दुर्व्यसन तर्फ लाग्न नदिन यूवा लक्षित चेतनामूलक कार्यक्रम लागु गरिनेछ ।

**ऊ. जेष्ठ नागरिक :**

- जेष्ठ नागरिकको शारिरिक अवस्थालाई ध्यान दिदै सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई घरदैलो सम्म पु¥याउने व्यवस्था मिलाइनेछ ।
- अथाह अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दै जेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई सामाजिक विकासको क्षेत्रमा लगाइनेछ ।
- हरेक जेष्ठ नागरिकलाई घरघरमै निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिक परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ ।

**ऐ. न्यायिक समितिको क्षमता विकासः**

- न्यायिक समितिको कार्य सम्पादनलाई सहज बनाउनको निम्ति न्यायीक समितिका पदाधिकारीहरुलाई कानुनी तालिम संचालन गरिनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरि त्यहिँबाट विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।
- न्यायीक समितिले निरुपण गर्ने अधिकार क्षेत्रहरुको विवादका विषयहरु प्रत्येक वडा कार्यलयहरुमा टाँस गरी प्रचारप्रसार गरिनेछ ।
- न्यायीक समितिलाई विवाद निरुपणको निम्ति इजलास कक्ष र भौतिक व्यवस्थापन गरिनेछ ।
- न्यायीक समितिलाई विविद निरुपणको लागि सहयोग गर्न कानुनी सल्लाहकार नियुक्ति गरिनेछ ।

**३. पूर्वाधार विकास**

**क) सडक पुल तथा झोलुङ्गे पुलः**

- केम खाम्चा मार्गलाई क्रमशः पक्कि नाली र ग्रावेल सहितको स्तरोन्नती  गरिनेछ
- गाउँपालिका केन्द्र भित्र र मित्याल बजार क्षेत्र ७५ /२५ लागत को अवधारणामा करिव १ किमि कालोपत्रे गरिनेछ ।
- गाउँपालिकाको केन्द्र देखि सवै वडाहरुमा बाह्रै महिना गाडी चल्ने गरी सडकको स्तरोन्नती गरिनेछ ।
- सडकको उपयोगिता र प्रभावकारिताको आधारमा वर्गीकरण गरी क, ख र ग स्तर निर्धारण गरिनेछ । जसकोलागि क्रमशः १० मिटर, ८ मिटर र ६ मिटर चौडा कायम गरिनेछ ।
- संचालनमा रहेका सबै बाटाहरुको मर्मतका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सवै वडामा निर्वाधरुपमा वस सेवा संचालनको लागि बाटो स्तरोन्नती गरिनेछ ।
- गाउँपालिकाभित्र निर्माण हुने सडक न्यूनतम ६ मिटर चौडा कायम गरिनेछ ।
- मित्याल अरुणखोला मो.वा. मा बस सेवा संचालन हुन सक्नेगरी बाटो स्तरोन्नती गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिकाभित्र आवश्यक मोटरेवल पुल निर्माणको लागि प्रदेश सरकार र केन्द्र सरकार समक्ष पहल गर्ने तथा DPR हुन बाँकी रहेको ठाउँहरुमा DPR गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- झोलुङ्गेपुल आवश्यक भएका स्थानमा थप झोलुङ्गे पुल निर्माणको लागि संघीय सरकार समक्ष पहल गरिनेछ ।

**ख) सिंचाई तर्फ :**

- सिंचाईको सुविधाबाट वञ्चित खेत तथा फाँटहरुमा आवश्यक बजेटको व्यवस्था गरि कृषि उत्पादनमा जोड दिइनेछ ।
- अपुरा रहेका सिंचाई योजनाहरुलाई निरन्तरता दिइनेछ ।
- मझौला तथा ठूला सिंचाई योजनाहरुको पहिचान गरी सिंचाई डिभिजन, प्रदेश सरकार र केन्द्र सरकारसंग अनुरोध गरिनेछ ।

**ग) भवन तथा सहरी विकास**

- हल सहितको सुविधा सम्पन्न  गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण सुरुवात गरिनेछ।
- तिन वर्ष भित्रमा सवै वडामा सुविधा सम्पनन वडाकार्यालय भवन निर्माण गरिनेछ भने यस आर्थिक वर्षमा २ वटा वडाकार्यालयहरुको भवन निर्माण गरिनेछ।
- गाउँपालिकाले अगाडि बढाएका अधुरा भवन निर्माण कार्यलाई पूर्णता दिईनेछ।
- मित्याल र गल्धामा व्यवस्थित शहर निर्माणकोलागि विस्तृत योजना बनाइनेछ।
- पक्कि भवन बनाउँदा नक्सा पास गर्न अनिवार्य गरिनेछ।
- वडाकार्यालय भवन निर्माणको लागि संघीय सरकारले तोकेको मापदण्डको जग्गा निशुल्क रुपमा प्राप्त गर्ने नीति लिइनेछ।
- ३ वर्ष भित्रमा प्रत्येक वडामा सभाहल व्यवस्थापन गरिनेछ।
- निस्दी गाउँपालिका क्षेत्रभित्रका जग्गाहरु अध्ययन अनुगमन तथा सम्भाव्यवता अध्ययन गरी नयाँ दररेट कायम गरिनेछ।

**घ) उर्जा, लघु तथा साना जलविद्युतः**

- विद्युत लाइन विस्तार भएको ठाउँहरुमा आगामी आ.व. भित्र विद्युत बाल्न आवश्यक समन्वय गरिनेछ।
- हावावाट उत्पादन हुने विद्युतलाई दिर्घकालिन रुपमा प्रयोग गर्न आवश्यक मर्मत सम्भारको व्यवस्था मिलाइनेछ।
- बाकामलाङ र सहलकोटमा आगामी ३ वर्ष भित्र सौर्य उर्जा मार्फत विद्युतीकरणको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा आवश्यक पहल गरिनेछ।
- यस गाउंपालिका क्षेत्रवाट वग्ने दुई ठूला खोलाहरु (निस्दी र आरुङखोला)मा विद्युत उत्पादनको संभावनालाई ध्यान दिदै संभाव्यता अध्ययनको लागि विभिन्न निकाय संग आवश्यक समन्वय गरिनेछ।
- गाउँपालिका भित्र विविन्न टोल बस्तीमा संचालनमा रहेका लघु जलविद्युतलाई नियमित संचालनको व्यवस्था मिलाइनेछ।

**ङ) सूचना तथा संचार तर्फ :**

- निस्दी गाउंपालिकामा दुरसंचार टावर निस्दी ४ मित्यालमा बनिसकेकोले यसको यथाशिघ्र संचालन को लागि पहल गरिने साथै पहुँच पुग्न नसक्ने अन्य स्थानमा समेत यसको विस्तारको लागि पहल गरिनेछ।
- वडा कार्यालयहरुमा इन्टरनेटको नियमित संचालनको लागि आवश्यक कदम चालिने छ।
- गाउंपालिकाका विकास निर्माणका हरेक गतिविधीहरुलाई आम जनसमुदाय समक्ष पु-याउन सामुदायिक रेडियो मार्फत **"निस्दी विकास शन्देश"** नामको कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।
- पत्रकारीता, संचारजगत संग विकास र सुशासनमा सहकार्य गरिने छ।
- सामाजिक संजाल तथा आफ्नै वेभ साइट मा गाउंपालिकाका सुचनाहरुको प्रवाह गरिने छ।
- गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन सि.सि. क्यामेरा जडान, ई हाजिरी मेशिन जडान कार्यलाई प्राथमिकता दिइने छ।
- पालिका भित्रका कार्यालयहरुको पत्राचार इमेल मार्फत छिटो छरितो तरिकाले पठाउने व्यवस्था मिलाइने छ।
- जनप्रतिनिधि तथा कर्मचारीलाई कम्प्युटर तालिमको व्यवस्था मिलाइने छ ।
- जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रत्याभूत गर्न गाउँपालिकाले गरेका हरेक कामको जानकारी दिन सूचना अधिकारी तोकी हरेका शाखाका कामको जानकारी सूचना अधिकारीलाई गराउने व्यवस्था मिलाइने छ।
- गाउँपालिकाले पारित गरेका कानुनहरु राजपत्रमा प्रकाशित गरी जनतासम्म पुऱ्याउने व्यवस्था मिलाइने छ

**४. वातावरण संरक्षण तथा विपद व्यवस्थापन :**

- वातावरण संरक्षणको लागि गाउंपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक जग्गाहरुमा तथा सडक छेउमा माटो बग्ने कार्यलाई रोक्नको लागि वृक्षारोपण गरिनेछ
- समुदायमा विपद व्यवस्थापन सम्बन्धि सतर्कता र सचेतना जगाउने कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकामा विपद व्यवस्थापन कोष स्थापना गरी पिडित घर परिवारलाई राहत सामाग्री व्यवस्थापन गर्न सक्ने योजनाका साथ पूर्व तयारी गरिनेछ ।
- प्राकृतिक प्रकोपबाट जोखिम युक्त वस्ती पहिचान गरि व्यवस्थापन कार्यमा जोड दिइनेछ ।
- गाउँपालिकामा विपद उद्दार सामाग्रीको व्यवस्थापन गरिनेछ ।
- स्वास्थ्य सम्बन्धि महामारी रोग नियन्त्रण सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धनको लागि गाउंपालिकाले वनको नर्सरी स्थापना गर्न जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालय संग आवश्यक समन्वय गरिनेछ ।
- प्राकृतिक प्रकोपवाट हुने जोखिमयुक्त बस्ती तथा ठाँउहरुको पहिचान गरि उचित तटबन्धन र वृक्षरोपण गरिनेछ ।
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु वडागत रुपमा संचालन गरिनेछ ।
- वातावरण मैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम अवलम्वन गरिनेछ ।
- विपद व्यवस्थापनको कार्यहरु संचालनको लागि वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवार वनाइनेछ ।
- खोला किनारवाट अनधिकृत रुपमा ढुंगा, गिट्टी तथा वालुवा निकासी कार्यलाई पूर्णत रोक लगाई वैधानिक रुपमा निकासीको व्यवस्था मिलाइने छ ।
- सामुदायिक बन व्यवस्थापनमा जोड दिइनेछ ।

**५. संस्थागत विकास तथा सेवा प्रवाह :**

- सरल छिटो छरितो र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकता दिंदै दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने लेखा, पञ्जिकरण, सम्पती कर, योजना लगाएत सवै प्रकारका सेवा डिजिटल माध्यमबाट सरलिकृत गरी सेवाग्राहीहरुलाई चुस्त सेवा दिईने छ ।
- जनतालाई चुस्त दुरुस्त सेवा प्रवाह तथा सहजताको लागि प्रत्येक वडामानै योजनाको सम्झौता तथा फरफारकको लागि शिविर संचालन गरिनेछ ।
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गर्दै प्रभावकारी सेवा प्रवाहमा जोड दिन कर्मचारीलाई उत्प्रेरणाको कार्यक्रम ल्याइने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीको समयानुकुल क्षमता विकासको लागि विभिन्न तालिम, गोष्ठि तथा प्रविधि मैत्री ज्ञानको विकासमा जोड दिइनेछ ।
- अरु स्थानीय तहमा भए गरेका राम्रा कामहरुको अनुसरण गर्दै त्यसको प्रभावकारिताको आधारमा यस गाउँपालिकामा पनि लागू गरिने छ ।
- निस्दी गाउंपालिकालाई आर्थिक तथा सामाजिक क्षेत्रमा समृद्ध वनाउनको लागि (गरिवी निवारण, जातिय छुवाछुत मुक्त, वालमैत्री, वाल विवाह रहित आदि जस्ता) विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

- वालमैत्री गाउँपालिकाको विकासको लागि विकास पूर्वाधार विकास निर्माण गर्दा बालमैत्री बनाइने छ ।
- गाउपालिकालाई मादक पदार्थ मुक्त क्षेत्र वनाउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- निस्दी गाउंपालिकाको आवधिक तथा रणनैतिक योजना निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- सरकारी, सहकारी तथा निजि क्षेत्र संग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विषयगत विज्ञसंगको परामर्शमा विकास निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
- अनुगमन कार्यलाई मासिक रुपमा क्षेत्र तथा दिन तोकि नियमित गरिनेछ ।
- निस्दी गाउंपालिकामा राम्रो कार्य गर्ने कर्मचारी पुरस्कृत गरिनेछ ।
- एक वडा एक सामाजिक परिचालक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**६. वित्तिय व्यवस्थापन र सुशासन**

**क). राजश्व परिचालन तर्फ :**

- कर तिर्नु जनताको दायित्व हो भन्ने धारणाको विकास गर्न समुदाय तथा वडा तह सम्म कर सम्वन्धि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- प्रगतिशिल सम्पत्ति कर प्रणाली लागू गरी गरिव जनताबाट उठाइने करमा कमि गरिनेछ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शि वनाउनको लागि सफ्टवेरको विकास गरी लागु गरिनेछ ।
- संकलित कर समयमै गाउँपालिकाको खातामा जम्मा गराई यसको पारदर्शितामा जोड दिइने छ ।
- कर उठाउने कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा संग कार्य सम्पादन करार सम्झौता गरिनेछ र सम्झौता बमोजिम कर उठाउने वडा कार्यालयका कर्मचारीलाई पुरस्कृत हुने व्यवस्था मिलाइनेछ ।
- उपलब्ध श्रोतहरुको प्रभावकारी तथा दिगो परिचालन गर्दै गाउंपालिकाको आन्तरिक श्रोत वृद्धिको लागि राजश्वका थप क्षेत्रहरुको खोजी गरिनेछ ।
- राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरि संस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइनेछ ।
- निस्दी गाउंपालिकाको चुनढुंगा खानीवाट संचालित ह्वाङ्सी शिवम कम्पनीसंग करका क्षेत्रहरु वारे आवश्यक छलफल गरी थप राजश्व संकलनको प्रयास गरिनेछ ।

**ख). वित्तिय अनुशासन र सुशासन तर्फ :**

- गाउँपालिकालाई दिर्घकालिन आर्थिकभार तथा दायित्व वृद्धि नहुनेगरि निर्णयहरु गरिने छ ।
- आर्थिक ऐन र खरिद ऐनको पूर्ण अधिनमा रहि उपभोक्ता समिति मार्फत हुन सक्ने कार्यहरु सोही मार्फत र नसक्ने ठूला कार्यहरु टेण्डर मार्फत गर्ने नीति लिइनेछ ।
- योजना संचालन गर्दा उपभोक्ता लागत सहभागीता १०% लाई निरन्तरता दिइने छ ।
- योजना संचालन गर्दा उपभोक्तको तर्फवाट व्यहोर्न पर्ने जनसहभागिताको रकमको दुरुपयोग हुन नदिन उपभोक्ताले लागत सहभागिता बापत उठाउनुपर्ने १० % रकम गाउँपालिकाको खातामा जम्मा गरे पश्चात मात्र योजना सम्झौता हुने व्यवस्था मिलाइनेछ ।
- निस्दी गाउंपालिकाको विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा आकम्मित खर्च(कन्टेन्जेन्सी खर्च) वापत काटिदै आएको ४% रकम लाई घटाएर आ.व ०७५।०७६ देखि ३% गराईएकोमा सो लाई निरन्तरता दिइनेछ र सो रकमबापतको काम गर्न नपर्ने व्यवस्था मिलाइनेछ ।
- कुनै पनि योजनाको जिवन्त तत्व उपभोक्ता समिति भएको हुंदा उपभोक्ता समितिको क्षमता विकासको लागि वडा वडामा उपभोक्ता समितिको क्षमता विकासको लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।

- हरेक योजनामा अनिवार्य रुपमा होडिङ्ग वोर्ड राख्न लगाइने छ र सो बापतको रकम इष्टिमेटमा नै व्यवस्था गरिनेछ ।
- योजनाको फरफारक जेष्ठ मसान्त भित्र गरिनेछ ।
- अघिल्लो आ.व. का वेरुजुलाई फस्यौंट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- लैंगिक उत्तरदायि वजेट निर्माणमा जोड दिईने छ ।.
- शुसासन प्रवर्द्धनमा जोडदिन गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेख गर्ने, सुझाब सुन्ने, त्यसको रेकर्ड राख्ने तथा गुनासो संबोधन गर्ने प्रणालीको विकास गरिनेछ ।
- सार्वजनिक सुनुवाई प्रत्येक चौमासिकमा संचालन गरिनेछ, नागरिक वडापत्र आदिको माध्यम द्धारा वडा तथा गाउंपालिका तहमा शुसासन प्रवर्द्धनमा जोड दिइनेछ ।
- विकास निर्माणका गतिविधीहरु आम नागरिक संग पु-याउनको लागि संचार माध्यमको प्रभावकारी उपयोग गरिनेछ ।
- प्रचार मुखि भन्दा प्रभाव मुखि विकास निर्माण र सेवा प्रवाहमा जोड दिइने छ ।
- संचार क्षेत्रको प्रभावकारी परिचालन तथा सूचना सम्प्रेषण गर्न तथा संचार क्षेत्रसंगको सम्पर्क समन्वयलाई एकरुपता ल्याउन जिल्ला पत्रकार महासघं संग समन्वय गर्दै एक अर्काको परिपुरकको रुपमा अगाडि बढीने छ ।

यस गाउँपालिकाका गौरवका आयोजनाहरु, गाउँपालिकाको स्रोत तथा साधनले धान्न नसक्ने ठूला योजनालाई कार्यान्वयन गर्नको लागि केन्द्र सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय समक्ष पेश गर्ने गरि प्रस्ताव गरेकी छु । साथै यस निस्दी गाउँपालिकाले आगामि आ.व. २०७६।०७७ मा केम खाम्चा स्मृति मार्ग स्तरोन्नती गर्ने, मित्यालको बायु उर्जा लाई पुर्णता दिने, गाउँपालिका केन्द्रको बजार क्षेत्र कालोपत्रे गर्ने, मित्याल अरुणखोला मोटरबाटोको स्तरोन्नती गर्ने, राष्ट्रिय प्रसारणको लाइन घरघरमा पुऱ्याउने, गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको सुरुवात गर्ने लागयतका मुख्य मुख्य आयोजनाहरु संचालन गरिनेछ । साथै विकासमा साझेदारी गर्न सिमाना जोडिएका गाउँपालिका तथा नगरपालिका संग समझदारी कायम गरी साझेदारीमा विकास निर्माणको कामलाई अगाडि बढाइनेछ ।

निस्दी गाउँपालिकाको आगामि आर्थिक वर्ष २०७६।०७७ को विकास निर्माण आयोजना तथा कार्यालय संचालनको लागि यस गाउँपालिकामा प्राप्त संघीय तथा प्रदेश ससर्त कार्यक्रम, वित्तय समानिकरणबाट प्राप्त रकम, राजश्व बाँडाफाँड बाट प्राप्त रकमका साथै गाउँपालिकाको राजश्व परामर्श समितिले पेश गरेको प्रतिवेनका आधारमा तोकिएको आन्तिरिक राजश्व, यस गाउँपालिकाले चालु आ.व. मा खर्च गर्न नसकेको रकम र जनसहभागिता बापत योजनाको लागि उठ्ने रकम गरी कुल ४० करोड रकम व्यवस्थापन गरि आयोजना तथा दैनिक प्रशासन संचालन गरिनेछ ।

**७ श्रद्धेय अध्यक्ष लगाएत सदस्य ज्युहरु,**

गाउँपालिकाले हालसम्म प्राप्त गरेको उपलब्धिहरुलाई संस्थागत गर्दै आर्थिक, सामाजिक, र सांस्कृतिक सबै क्षेत्रको तीब्र विकास गरि समृद्ध निस्दी र सुखी निस्दीको आकांक्षा पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रम पेश गरेकी छु । यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नेपाल सरकारले तोकेको लक्ष्य तथा राष्ट्रिय एकता, राष्ट्रिय हित र स्वाभिमान मजबुत हुनुका साथै तीब्र दरको आर्थिक बृद्धि हासिल गर्न समेत सघाउ पुग्नेछ ।

निस्दी पाल्पा जिल्लाभित्र उदीयमान, विकासशिल गाउँपालिकाको रुपमा स्थापित गर्न सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीको योगदान अमूल्य हुने भएकाले यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सबै क्षेत्रबाट योगदान हुने विश्वास व्यक्त गर्दछु । अन्त्यमा आआफ्नो क्षेत्रबाट महत्वपूर्ण भुमिका निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी श्रमिक तथा श्रमजीवि, नगरिक समाज, बुद्धिजीवि, संचारजगत तथा सम्पूर्ण निस्दी बासीहरुलाई धन्यबाद ज्ञापन गर्न

चाहन्छु । निस्दी गाउँपालिकाको विकासमा साथ सहयोग गर्ने अन्य छिमेकि गाउँपालिका तथा नगरपालिका, गैर सरकारी संस्था समेतलाई धन्यबाद दिन्छु ।

धन्यवाद